# आर्थिक वर्ष २०८१।०८२ को
# नीति तथा कार्यक्रम

कटहरिया नगरपालिका
कटहरिया, रौतहट
मधेश प्रदेश
२०८१

# कटहरिया नगरपालिका
# नगरसभा
# २०८१।०८२
# नीति तथा कार्यक्रम

यस समारोहका प्रमुख अतिथि, विशिष्ट अतिथिहरु,
विभिन्न राजनीतिक दलका अध्यक्ष एवं प्रतिनिधिज्यू, उप-मेयरज्यू, वडा अध्यक्षज्यूहरु,
नगर कार्यपालिकाका सदस्यज्यूहरु, नगर सभाका सदस्यज्यूहरु,
सुरक्षा निकायका प्रमुखज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु एवं पत्रकार मित्रहरु,
एवं अन्य अतिथि गण,

कटहरिया नगरपालिकाको नगर सभा आठौ बजेट अधिवेशनमा पाल्नु भएका सम्पूर्णलाई हार्दिक स्वागत गर्न चाहन्छु । सम्बत् २०७९ साल बैसाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचन पछिको चौथो नगर सभाबाट कटहरिया नगरपालिका निवासी जनसमुदायको नगरपालिकाको आर्थिक, सामाजिक एवम् भौतिकलगायतका विकास प्रतिको उच्च आकांक्षालाई यथा सम्भव सम्वोधन गर्न यस गरिमामय सभामा कटहरिया नगरकार्यपालिकाको आगामी आ.व. २०८१।०८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्नको लागि उभिएको छु । यस ऐतिहासिक सभामा सर्वप्रथम, आ.व. २०८०।०८१ मा नगर सभाबाट पारित योजना तथा कार्यक्रमहरु सम्पन्न गर्न साथ सहयोग गर्नुहुने नगर बासी अदरणीय जन समुदायलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै प्रजातान्त्रिक एवं लोकतान्त्रिक आन्दोलन, समाजिक तथा मुक्ति आन्दोलन लगायत मुलुकको परिवर्तनको लागि भएका हरेक संघर्षका दौरान सहादत प्राप्त गर्ने सम्पूर्ण आदरणीय ज्ञात अज्ञात अमर सहिदहरु प्रति श्रद्धासुमन अर्पण गर्दै सबैमा उच्च सम्मान एवं धन्यवाद ज्ञापन गर्दछु ।

सात वर्ष अगाडी मात्र संघीय राज्य प्रणालीको रुपमा स्थापित यस नगरपालिकालाई सञ्चालन गर्न भौतिक पूर्वाधार, कानुनी पूर्वाधार, जनशक्ति एवं शासकीय व्यवस्थापनको कार्यका केही आधारस्तम्ब तयार भएको भए पनि अझै लामो समयदेखि अविकसित, पछौटेपन र विभेदको सिकार भएका कटहरिया नगरवासीको अपेक्षा अनुरुप विकास कार्यलाई अगाडी बढाउन सुशान र विकासकालागि सिमित साधन र श्रोतबाट पुरा गर्न अत्यन्त चुनौतिपूर्ण अवस्थाको विद्यमानता रहेको छ । यी चुनौतिहरुको बाबजुद पनि यस नगरपालिकाको भौतिक, आर्थिक एवं सामाजिक विकासका निमित्त एकतावद्ध भइ सुशान कायम गर्दै उदाहरणीय कार्यहरु गर्ने लक्ष राखेको छु । साथै विगत देखि हुँदै आएका गौरवपूर्ण योजनाहरु र कार्यक्रमहरुलाई समेत निरन्तरता दिंदै जनचाहना अनुसारका जनपक्षीय कार्यक्रम तथा योजनाहरु यस नीति तथा कार्यक्रममा समावेश गरेको छु ।



CamScanner

यो नीति तथा कार्यक्रम समग्रमा अहिलेको वर्तमान परिस्थिति, तरल राजनीतिक अवस्था, नगरवासीको चाहना, भावना र मागको आधारमा हामीसँग उपलब्ध स्रोत र साधनको अधिकतम सदुपयोग गरी नेपालको संविधान र ऐन कानुनले दिएको क्षेत्राधिकारभित्र रही जनप्रतिनिधि, नागरिक समाज एवं अगुवाहरुको राय सुझावलाई समेत मार्गदर्शनको रुपमा लिएको छ ।

**चालु आ.व. २०८०।०८१ को अनुमानित बजेट श्रोत :.**

नेपाल सरकारबाट प्राप्त अनुदान संघीय वित्तिय समानिकरण रु.११,१७,००,०००।००, संघिय शशर्त अनुदान चालु रु.१७,१०,००,०००।००, संघीय सरकार शशर्त पूजिगत रु. १,१५,००,०००। संघिय राजस्व बाँडफाँड अनुदान ९,५२,७२,३००। , संघीय सरकार समपुरकमा रु. ५०,००,०००। वित्तिय समानिकरण ( प्रदेश सरकार) ९१,६२,०००।, विशेष अनुदान (प्रदेश सरकार) रु.३०,००,०००।, समपुरक अनुदान (प्रदेश सरकार) २०,००,०००। र आन्तरिक राजस्व रु.२,८८,८१,२५०.३२। र चालु आ.व. २०७९।०८० को खर्च हुन बाँकी अनुमानित रकम रु. ८,५६,५६,८३४.०८ गरी कुल जम्मा रकम रु. **५२,३१,७२,३८४.४०** रहेको थियो ।

**आगामि आ.व. २०८१।०८२ को अनुमानित बजेट श्रोत :.**

नेपाल सरकारबाट प्राप्त अनुदान संघीय वित्तिय समानिकरण रु.११,५२,००,०००।००, संघिय शशर्त अनुदान चालु रु.१८,४३,२९,०००।००, संघीय सरकार शशर्त पूजिगत रु. ३,६६,२५,०००। संघिय राजस्व बाँडफाँड अनुदान १०,११,००,०००। , संघीय सरकार समपुरकमा अनुमानित रु. ५०,००,०००। वित्तिय समानिकरण (प्रदेश सरकार) ९०,००,०००।, विशेष अनुदान (प्रदेश सरकार) रु.३०,००,०००।, समपुरक अनुदान (प्रदेश सरकार) २०,००,०००। र आन्तरिक राजस्व रु.१,००,००,०००। गरी जम्मा रकम **रु.४६,६२,५४,०००।** को सिमा भित्र रही कार्यक्रम र योजनामा रकम विनियोजन हुने गरी आगामि आ.व. २०८१।०८२ को नीति तथा कार्यक्रम तयार गरेको छ ।

सभा अध्यक्षज्यू,
प्रस्तुत नीति तथा कार्यक्रमले सामाजिक न्याय सहित पूर्वाधार विकासमा जोड दिदैं आर्थिक विकास, सामाजिक विकास र भौतिक पूर्वाधार विकास मार्फत आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य राखेको छ । जसलाई निम्नानुसार प्रस्तुत गर्दछु ।

१. आर्थिक विकासतर्फ,

क. कृषि

- **कृषि व्यवसायीलाई प्रोत्साहन गर्न कृषि विद्युत मिटर जडान गरी सिचाई गर्दा उठेको विद्युत महसुलको सतप्रतिशत अनुदान दिइने छ ।**
- व्यवसायिक कृषि उत्पादन पकेट क्षेत्र कार्यक्रम संचालन गरिनेछ ।
- कृषकको उत्पादन वस्तुको विक्रीदरलाई सन्तुलित राख्न छेदी चौकमा निर्माणाधीन चिस्यान केन्द्र (कोल्ड स्टोर) सहितको बजारीकरणको कार्यलाई निरन्तरता दिइनेछ ।
- किसानलाई सहज र सस्तो मलखाद उपलब्ध गराउन विशेष पहल गरिनेछ ।

- आधुनिक र व्यवसायिक फर्म संचालन गर्ने किसानलाई प्रोत्साहनका लागि अनुदान उपलब्ध गराइने छ।
- उखु किसानहरुलाई प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।
- बहु उद्देश्यीय कृषि भवन निर्माण गरी कृषि सामाग्री तथा बीउबजन आदि भण्डारण तथा वितरण केन्द्र स्थापना गरिनेछ।
- व्यवसायीकरण औद्योगिककरण, यान्त्रिकिकरण माध्यमबाट कृषि क्षेत्रको विकास र विस्तार गर्दै प्रतिस्पर्धी नाफामूलक र आत्मनिर्भर बनाई रोजगार सिर्जना, गरिबी न्यूनिकरण र खाद्य तथा पोषण सुरक्षामा टेवा पऱ्याउने नीति लिइनेछ।
- प्राङ्गारिक कृषि उत्पादनलाई प्रोत्साहन गरिनेछ।
- बीउ बिजन उत्पादन, संरक्षण र वितरण कार्यको उचित व्यवस्थापन गरिनेछ।
- नगरपालिका क्षेत्रभित्रको बाँझो जग्गालाई उपयोग गरी नमूना कृषि विकास गरी कृषि उत्कृष्टताका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ।
- कृषि लाइब्ररी स्थापनाको लागि पहल गरिनेछ।

**ख. पशुपक्षी र मत्स्य**

- पशुपालन व्यवसायलाई बढावा दिन पालिका भित्र गाई पालन, भैंसी पालन, बाखा पालन, कुखुरा पालन, छुट्टा छुट्टै पशुपालन पकेट क्षेत्र घोषणा गरी व्यवसायिक पशुपालनको विकास एवं बजारीकरणमा जोड दिइनेछ।
- कटहरिया नगरपालिकालाई दुग्धमा आत्मनिर्भर बनाउन तोकिएको व्यवसायिक गाई र भैसी पालन पकेट क्षेत्रभित्रका व्यवसायिक किसानहरुलाई उन्नत जातको गाई तथा भैसी खरीद किसानहरुलाई अनुदान रकमको व्यवस्था गरिने छ।
- दलित, विपन्न, विधवा र शहीद परिवारको आर्थिक उपार्जनमा सहयोग हेतु प्रत्येक परिवारलाई उन्नत जातको बाखा अनुदान दिइनेछ। बाखा पालनमा अनिच्छुक परिवारलाई निजले गर्न चाहेको वा गरिरहेको व्यवसायसँग मिल्ने अन्य सामाग्री वा अनुदान रकम अनुदान उपलब्ध गराइनेछ।
- पशुपंक्षीमा लाग्ने विभिन्न रोगहरु विरुद्ध भ्याक्सीन लगाउने कार्यक्रलाई निरन्तरता दिइनेछ।
- परम्परागत बोका, पाडा (राडा), साँढेलाई विस्थापित गरी कृत्रिम गर्भधारण ए.आई. द्वारा पशु नश्ल सुधार कार्यक्रमलाई अगाडि बढाईने छ।
- माछा मासुको विक्री वितरणलाई स्वच्छ र सफा राख्न विशेष व्यवस्था गरिनेछ। बजार क्षेत्रमा वधशाला निर्माणका लागि जोड गरिनेछ।
- पशुपंक्षी तथा माछा पालन व्यसायलाई बढावा दिईने नीति अपनाइनेछ। व्यवसायिक रुपमा पशुपंक्षी एवं माछापालन गर्ने व्यवसायीलाई अनुदानको व्यवस्था मिलाइनेछ।
- दुग्ध खरिदको ग्यारेन्टी गर्न नगरभित्र दुग्ध चिस्यान केन्द्र निर्माण गरी संचालन गर्ने उद्यमीलाई अनुदान दिइनेछ।



CamScanner

ग. **भुमि व्यवस्था तथा सहकारी**

- भुमिसम्बन्धी समस्या समाधान तथा भुमिहीन सुकुम्वासीलाई जग्गा प्रदान गर्न आवश्यक कार्य गरिनेछ ।
- नगरक्षेत्रमा रहेको ऐलानी सार्वजनिक जग्गालाई संरक्षण, सुरक्षीत तथा सदुपयोगको नीति लिइनेछ ।
- सहकारी संस्थाहरुको नियमन गरी सहकारी मार्फत हुने विक्रि वितरणलाई व्यवस्थित र पारदर्शी बनाइनेछ ।
- कृषि सहकारी र ऋण तथा बचत सहकारी संस्थाहरुलाई प्रोत्साहन र नियमन गरिनेछ ।
- नेपाल सरकारबाट स्वरोजगार तथा गरिबी निवारणको उद्देश्यमा केन्द्रित रही नयाँ सहकारी संस्था दर्ता र संचालनमा ठोस कार्यक्रम ल्याइनेछ ।

घ. **पर्यटन तथा संस्कृति**

- नगर क्षेत्रभित्र रहेका ऐतिहासिक एवं परम्परागत रुपमा निर्मित मठ मन्दिर, मस्जिदहरुको संरक्षण र प्रवर्द्धन गरिनेछ ।
- पर्यटन विकासका लागि अन्य पूर्वाधार निर्माणमा समेत ध्यान दिइनेछ । स्थानीय जीवनशैली, संस्कृति, खानपीन लगायतका विशेषताका कारण कटहरियामा **"स्थानीय पर्यटन"** विकासको लागि योजना तयार गरी कार्य गरिनेछ ।
- धर्म-संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्दै धार्मिक-सांस्कृतिक क्षेत्रमा राज्यको भुमिकालाई अझ प्रभावकारी बनाउन नगरपालिकाले यस नगरभित्र हुने सार्वजनिक पर्व, मेला एवं महोत्सवहरुमा आर्थिक सहयोगको नीति लिइनेछ ।
- सांस्कृतिक समूह एवं किर्तन मण्डलीलाई प्रोत्साहन गर्न अनुदान उपलब्ध गराइनेछ ।
- दाह संस्कार स्थललाई सुरक्षित र पवित्र राख्न आवश्यक कार्य गरिनेछ ।

ङ. **उद्योग, वाणिज्य तथा वित्तिय**

- लघु तथा घरेलु उद्योगहरुलाई नियमन गरिनेछ । नगरभित्रको उद्योग व्यवसायलाई प्रोत्साहन गर्न विशेष अनुदानको व्यवस्था गरेको छु ।
- लघु, घरेलु र साना उद्योग नगरपालिकामा नै दर्ता, नविकरण हुने व्यवस्था मिलाइने छ ।
- उद्यमशिलता तालिमहरु सञ्चालन गरि विशेष गरी महिला तथा युवाहरुलाई उद्यमी बन्न प्रोत्साहन गरिनेछ ।
- नगरभित्र औद्योगिक विकासका लागि विशेष क्षेत्र निर्माणका लागि विशेष पहल गरिनेछ । नगरभित्र उद्योग स्थापना गर्न चाहने व्यक्ति तथा संस्थालाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।
- नगरभित्र वित्तिय संस्थाहरुको स्थापना गर्न प्रोत्साहन गरिनेछ ।



CamScanner

## २. सामाजिक विकासतर्फ

### क. शिक्षा तथा खेलकुद

- गुणस्तरीय, स्वच्छ प्रतिस्पर्धात्मक अध्ययन, अध्यापन प्रणालीलाई प्रवर्द्धनलाई प्राथमिकता दिँदै प्रत्येक सरकारी तथा सामुदायिक आधारभूत तथा माध्यमिक विद्यालयको संस्थागत सुधार तथा भवन निर्माण कार्यलाई निरन्तरता दिएको छ।
- **क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था गर्ने र पठनपाठनमा लाग्ने शुल्क निशुल्क गर्न क्याम्पसलाई विशेष अनुदान दिने व्यवस्था गरेको छ।**
- सबै सामुदायिक तथा सरकारी विद्यालयहरुमा अंग्रजी माध्यमबाट पठन पाठनको व्यवस्था मिलाइने नीति लिइनेछ। यस आ.व. मा श्री जनता मा.वि. कटहरियामा बाल कक्षा देखि १० कक्षा सम्म गणित, विज्ञान, कम्प्यूटर साइन्स, विषयहरु अंग्रेजी माध्यमबाट पठन पाठन गर्न सबै सुविधा उपलब्ध गराइनेछ।
- विद्यार्थीको बढ्दो चापले जनशक्तिको अभाव देखिएको समस्यालाई समाधान गर्दै नगरपालिकाले आफ्नो स्रोतबाट तलबभत्ता दिनेगरी विभिन्न तहमा शिक्षक नियुक्त गरिनेछ।
- सामुदायिक विद्यलयमा अध्ययनरत विद्यार्थीहरुको सिकाई प्रभावकारी बनाउन शिक्षकहरुको उचित व्यवस्थापन गरिनेछ।
- शैक्षिक संस्थाहरुमा अनलाईन, एफ.एम. रेडियो लगायतका वैकल्पिक प्रणाली मार्फत अध्ययन अध्यापनको व्यवस्थालाई प्रभावकारी बनाइनेछ।
- चालु आ.व. मा बाल विकास शिक्षकहरु, खरिदार सरहको शिक्षक र का.स.लाई पाईरहेको तलवमा प्रोत्साहन स्वरुप मासिक रु.२००० दिइएकोमा आगामि आ.व.मा निरन्तरता दिइनेछ ।
- नगर भित्रका सम्पुर्ण विद्यालयको रगंरोगनलाई एकरुपता ल्याउन मर्मत, सम्भार तथा रगंरोगन कार्यको लागि आवश्यक रकम छुट्याइनेछ।
- विद्यालयको पहुँच भन्दा वाहिर रहेका वालबालिकालाई विद्यालय जाने वातावरण बनाउन वालमैत्रि शिक्षामा जोड दिइनेछ।
- कटहरीयामा प्राविधिक शिक्षालय निर्माणमा जोड दिइनेछ।
- नगरलाई साक्षर बनाउने साक्षरता कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ।
- नगरमा ई-लाइब्रेरी सहितको आधुनिक पुस्तकालय निर्माणका लागि पहल गरिनेछ।
- प्रत्येक वडामा एक खेल मैदानको नीति लिइनेछ।
- नगरभित्र राष्ट्रियस्तरको खेल मैदानको लागि विशेष पहल गरिनेछ।
- परम्परागत खेलकुदलाई लोप हुन नदिन समय सापेक्ष विकास गर्दै सम्वर्द्धनको नीति लिइनेछ। युवाहरुलाई खेलकुदप्रति आकर्षित गर्न क्रिकेट लगायतका खेल प्रतियोगिताको आयोजना गरिनेछ।



CamScanner

## ख. स्वास्थ्य

- १५ सैय्याको अस्पताल भवनको निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
- स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन वडाहरुमा व्यवस्थित स्वास्थ्य चौकी भवन निर्माणको कार्यलाई विस्तार गरिनेछ ।
- कटहरिया प्राथमिक स्वास्थ्य केन्द्रको स्तरोन्नति गर्दै थप चिकित्सकको व्यवस्था मिलाइनेछ । साथै सेवा प्रवाहलाई नियमित र सहज बनाउन अनुदानको व्यवस्था गरिनेछ ।
- कटहरिया प्राथमिक स्वास्थ्य केन्द्रमा vo र price Escalation का नपुग रकम नगरपालिकावाट थपिनेछ ।
- आँखा शिविरको आयोजना गरी सम्पूर्ण नगरवासीको आँखा चेक गराई मोतिया विन्दुको निशुल्क शल्यक्रिया गराई उपचार गरिनेछ ।
- **नगरपालिका क्षेत्रभित्र एम्बुलेन्स सेवा निशुल्क गरिनेछ ।**
- महिला स्वंसेविकाहरुलाई प्रोत्साहन स्वरुप प्रति महिना रु. ३,१००। का दरले उपलब्ध गराइनेछ ।
- उमेर पुगेका प्रत्येक महिलाहरुलाई स्यानेटरी प्याड निशुल्क वितरण गरिनेछ । नगरभित्रका जुनसुकै स्वास्थ्य संस्थावाट प्राप्त गर्न सक्ने व्यवस्था मिलाएको छु । विद्यालयमा अध्ययनरत छात्राहरुलाई सम्वन्धित विद्यालयवाटै स्यानेटरी प्याड निःशुल्क उपलब्ध गराउने व्यवस्था मिलाएको छु । यस कार्यक्रमवाट महिलाहरुको प्रजनन् स्वस्थ्यमा टेवा पुग्ने विश्वास लिएको छु ।
- निजी क्षेत्र, ट्रष्ट, लोककल्याणकारी संघ संस्थावाट स्वास्थ्य संस्था संचालनकोलागि दर्ता, नविकरण, स्वीकृति, अनुमतिको व्यवस्था मिलाई नियमन गरिनेछ ।
- प्राइभेट क्लिनिक तथा औषधी पसलहरुको नियमन गरिनेछ । नयाँ प्रविधिमा आधारित उपचार विधि भित्राउने स्वास्थ्य संस्थालाई प्रोत्साहन गरिनेछ ।
- सर्पदंषको उपचार केन्द्रको स्थापना गरी सर्पको टोकाइको उपचार गर्ने व्यवस्था मिलाइनेछ ।

## ग. खानेपानी तथा सरसफाई

- मधेशकै नमुनाको रुपमा संचालनमा रहेको तेस्रो साना शहरी खानेपानीको मिटरको बिलमा जनतालाई सहयोग पुग्ने उद्देश्यले तेस्रो साना शहरी खानेपानी उपभोक्ता समिति कटहरियालाई थप अनुदानको व्यवस्था मिलाइने छ ।
- **"स्वच्छ शहर कटहरिया नगर"** को नारा अवलम्बन गर्दै कटहरिया नगरपालिका वडा नं.४ र ५ मा बर्षाको पानी व्यवस्थापनको लागि स्ट्रोम ड्रेनेज निर्माणको कार्यलाई तीव्रता दिन जोड दिइनेछ ।
- नगरपालिका क्षेत्रभित्र सरसफाई योजना संचालन गरी फोहोर व्यवस्थापनको उचित व्यवस्था मिलाइने छ ।
- कटहरिया वजारको पानी निकासको लागि ढल निर्माणको कार्य गरिनेछ ।



CamScanner

- नगरपालिका भित्र रहेका घरपरिवारहरुको नीजि शौचालय नगरपालिकाबाटै सेवा शुल्क लिइ सफा गराइनेछ ।

घ. **लैंगिक समानता तथा सामाजिक समावेशीकरण**

- महिला सशक्तिकरणमा जोड दिइनेछ । सामाजिक समावेशीकरणको लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- महिला सशक्तिकरणका लागि महिलाहरुलाई जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३. **पूर्वाधार विकासतर्फ**

क. **सडक तथा पुल**

- **"सडक सञ्जालको विस्तार, समृद्धीको आधार"** भन्ने मान्यताको साथ विभिन्न सडकहरुलाई राष्ट्रिय राजमार्गसंग जोड्न सडक कालोपत्रे गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- कृषि सडक निर्माण तथा बजारसंग कृषि सडक जोड्न आवश्यक ठाउँहरुमा पुल कलभर्ट निर्माण गरि न.पा.का सबै सडक सञ्चालनमा जोड दिइनेछ ।
- नयाँ सकड ट्रयाक खोल्नुका साथै जीर्ण सडकको मर्मत सम्भार कार्यलाई प्राथमिकतामा राखिनेछ ।

ख. **सिंचाई तथा नदी नियन्त्रण**

- खेत खेतमा पानी पुऱ्याउनका लागि नहर नपुगेको ठाउँमा डिप ट्यूवेल तथा स्यालो ट्यूवेलको व्यवस्था गरिनेछ ।
- निशुल्क सिंचाइको नीति अनुरुप विद्युतको कृषि मिटर र कृषि मिटरमा उठेको विद्युत महसुल वापत लाग्ने रकम नगरपालिकाले तिर्ने व्यवस्था गरेको छ ।
- वागमती सिचाइलाई प्राथमिकतामा राखी सबै वडामा कुलो निर्माण तथा सरसफाइमा विशेष जोड दिइनेछ ।
- बकैया नदी नियन्त्रण तथा तटबन्ध निर्माणको कार्य प्रभावकारी बनाइनेछ ।
- वैकल्पिक उर्जामार्फत सोलार ट्यूवेल जडानलाई विशेष ध्यानमा राखी आधुनिक सिंचाई प्रविधिमा जोड दिइनेछ ।

ग. **भवन तथा शहरी विकास**

- भवन निर्माणको लागि भवन संहिता लागु गरिने छ तथा सोको नियम अनुसार सामुदायिक भवन तथा अन्य भवनहरु बनाउन जोड दिने छु ।
- नगरभित्र विभिन्न ठाउँमा प्रतिक्षालय वा सामुदायिक भवन तथा सार्वजनिक शौचालय निर्माण कार्यलाई प्राथमिकताका साथ अगाडी बढाइनेछ ।
- कटहरियामा एकीकृत सरकारी भवन निर्माणका लागि पहल गरिनेछ ।



CamScanner

- दलित तथा विपन्न वर्गको पक्की आवास निर्माणको लागि विशेष अनुदानको व्यवस्था मिलाइनेछ ।
- सुरक्षीत नागरिक आवास निर्माणको' अनुदान रकम उपलब्ध गराइनेछ ।
- आवास विहिनलाई आवाशको व्यवस्था गरिनेछ ।
- नगरपालिकाको प्रशासनिक भवन निर्माण कार्य आगामि आ.व. २०८१।०८२ मा सम्पन्न गरिनेछ ।

**घ. सञ्चार**

- नगरलाई फ्रि वाइफाइ सुविधाले सु-सम्पन्न बनाइनेछ । नगरभर फ्री वाइफाइ जडानको कार्यलाई तीव्रता दिइनेछ ।
- सरकारी कार्यालयहरु, विद्यालयहरु, स्वास्थ्य संस्थाहहरु लगायत सार्वजनिक स्थानहरुमा फ्रि इन्टरनेटको सुविधासहित प्रविधिमैत्री बनाइनेछ ।
- अनलाईन मार्फत सामाजिक सुरक्षा भत्ता र पञ्जीकरण सम्बन्धी कार्यलाई प्रभावकारी वनाइनेछ ।

**ङ. उर्जा**

- नगरभित्रको विद्युत प्रशारण लाईनलाई व्यवस्थित एवं भरपर्दो बनाउन सम्पूर्ण ट्रान्सफर्मरको स्तरवृद्धि गरिनेछ ।
- नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने दलितहरुलाई विद्युत मिटर जडान गर्न अनुदानको व्यस्था गरिने छ ।
- विद्युत वितरणको कार्यलाई विस्तार गर्दै सिँचाईको लागि खेत खेतमा विद्युत प्रशारण पुऱ्याइनेछ ।
- अव्यवस्थित विजुली पोलहरुलाई व्यवस्थित गरी जोखिम कम गर्नुका साथै सडक क्षेत्रको संरक्षण र वस्तीको सौन्दर्यता बढाउने नीति लिइनेछ ।
- वायो ग्यास प्लान्ट जडानमा जोड दिने नीति लिइनेछ ।

**४. वातावरण तथा विपद व्यवस्थापनतर्फ**

- स्वस्च वातावरण कायम गर्न र सुन्दरता बढाउन वृक्षारोपण कार्यलाई प्रभावकारी ढंगले सञ्चालन गरिनेछ ।
- नियमित प्राकृतिक विपद्को जोखिम न्यूनिकरण गर्ने र विपद् जोखिममा परेका व्यक्ति, परिवार, क्षेत्रलाई विशेष राहतको व्यवस्था गरिनेछ । ।
- नगरवासीलाई शीतलहरबाट बचाउनका लागि कम्बल वितरण गरिनेछ ।
- आगलागी नियन्त्रणका लागि वारुण यन्त्रको व्यवस्था गरिनेछ ।

**५. संस्थागत विकास तथा सेवा प्रवाह**

- कटहरिया बजारलाई व्यवथित गर्न सञ्चालित योजनालाई निरन्तरता दिइनेछ ।
- स्थानीय कानुन निर्माण र कार्यान्वयनमा थप कार्य गरिनेछ ।



CamScanner

- नगरभित्रका सबै सरकारी कार्यालयहरुमा ई-हाजिरी सञ्चालन गरिनेछ।
- नगरभित्रका बजार क्षेत्रमा सिसि क्यामरा जडान विस्तार गरिनेछ।
- इलाका प्रशासन कार्यालय, मुद्दाफाँट, मालपोत कार्यालय, विद्युत महसुल संकलन कार्यालय स्थापनाको लागि विशेष पहल गरिने छ।
- विद्यालय, स्वास्थ्य संस्थाहरु र सरकारी कार्यालयहरुमा इन्टरनेट तथा सिसि क्यामरा जडानको कार्यलाई विस्तार गरिनेछ।
- सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन संस्थागत पूर्वाधार विकासका साथै कर्मचारी तथा पदाधिकारीहरुको क्षमता अभिवृद्धि कार्यक्रम गरिनेछ।
- सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय, पारदर्शी र सर्वसुलभ बनाई नागरिकको पहुँचमा अभिवृद्धि गरिइने छ।
- नगरपालिकामा सूचना केन्द्र स्थापना गरी सञ्चालन गरिनेछ। सो सूचना केन्द्रमार्फत नगरपालिकाको सूचना उपलब्ध गराउने व्यवस्था मिलाइने छ।
- नगरपालिकाका सम्पूर्ण सुचनाहरुमा जनताको पहूँच पुर्याउन वेवसाइटलाई प्रभावकारी बनाइनेछ।

## ६. वित्तिय व्यवस्थापन र सुशासनतर्फ

- प्रत्येक सार्वजनिक निर्माणहरुको अनिवार्य रुपमा सार्वजनिक सुनुवाई गरिने व्यवस्थाको निरन्तरता सहित प्रभावकारी बनाइनेछ।
- वित्तिय अनुशासनलाई कडाइका साथ पालना गरिनेछ। वित्तिय जोखिम न्यूनीकरणको लागि वित्तिय जोखिम न्यूनीकरण गर्ने संस्थाहरुको स्थापनामा जोड दिइनेछ।
- नगरपालिकाको आर्थिक कारोबारलाई सरकारी मापदण्ड अनुरुप अनलाईन पद्धतिमा राखिनेछ।
- अन्तिम लेखा परीक्षण र बेरुजु फछ्र्यौट तोकिएको समयमा सम्पन्न गर्ने नीति लिइनेछ।

अन्त्यमा आजको यस सातौ बजेट अधिवेशनको गरिमामय समुद्घाटन समारोहमा उपस्थित भइ कार्यक्रमको शोभा बढाइदिनुहुने प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यूहरु, अन्य अतिथिज्यूहरु, नगरसभाका सदस्यज्यूहरु, पत्रकार मित्रहरु, राष्ट्रसेवक कर्मचारीहरु, सुरक्षाकर्मीहरु एवं उपस्थित सम्पूर्ण महानुभावहरुलाई पुनः एक पटक हृदयदेखि नै हार्दिक आभार प्रकट गर्दछु।

धन्यवाद !



CamScanner